व्याख्या गरेका छन् । ज्ञानको पहिलो ढोका खोल्ने साँचो पनि सेवा नै हो । यदि कसैले सेवाविना ज्ञान हासिल गर्छु भन्छ भने त्योभन्दा ठूलो मूर्खता अरु केही हुँदैन । तन सफा गर्न साबुन-पानीको आवश्यकता पर्छ भने मन सफा गर्न सेवा, ज्ञान, विवेकको आवश्यकता पर्दछ । सेवाको भावनाले गरेका हरकार्य सफलताको शिखरसम्म पुग्छन् । स्वार्थीभावले गरेका कार्य असफलतामा परिणत हुन्छन् । आज मानिसले जुन आनन्दको लागि अनेक कुकर्म गर्ने गरेका छन्, त्यसैको परिणाम भोग्दै अनन्तकालका लागि दुःखमा फसेका छन् । मानवका निम्ति सबैभन्दा ठूलो शत्रु उसको आफ्नै गतल आदत हो । खप्तड स्वामीले भन्नुभएको छ- हरेक वस्तु त्याग र बलिदानबाट नै प्राप्त हुन्छ । वास्तवमा हामीभित्र रोगका रुपमा रहेको गलत विचार त्याग्न सकेनौं भने राम्रो विचारले स्थान पाउन सक्तैन । जस्तै- कुनै गाडीको पार्टपूर्जा बिग्रिएको छ भने नयाँ पार्टपूर्जा राख्न पुरानो झिकेर फ्याँक्नुपर्छ, अनि मात्र गन्तव्यमा पुग्न सकिन्छ ।

कसैलाई ठूलो पोस्टको अहंकार हुन्छ त कसैलाई सानो पोस्टको हीनताबोध । यो धर्तीमा जन्म लिएका हरेक मानिससँग केही न केही बेजोड कला, खूबी, प्रतिभा अवश्य हुन्छ । केही नजान्ने र सबै जान्ने कोही पनि हुँदैन । केवल मानिसमा भएको अहंकार र हीनताबोध नै सबैभन्दा ठूलो रोग हो । हाम्रो कर्तव्य, जिम्मेवारी र भूमिका फरक-फरक भए पनि महत्व बराबर हो भन्ने भावनाको विकास गर्न सके मात्र यस संस्थाको अझ बढी विकास हुन सक्छ । देखावटी सेवाले हाम्रो वास्तविक परिर्वतन हुन सक्दैन ।

अनुशासनभन्दा प्रभावकारी अरु कुनै शासन छैन । आफूले आफूलाई नियमभित्र बाँध्ने विधि नै अनुशासन हो । अनुशानको पालनाबाटै हाम्रो नैतिक आचरण शुद्ध हुन सक्छ । 'vision without action is empty dreams, action without vision is passing time.' कार्यविनाको परिकल्पना रित्तो सपना हो भने परिकल्पनाविनाको कार्य समयको बर्बादी मात्र हो । स्वेट मार्डनले भनेका छन्- मनोबल उच्च राख, समस्या घट्तै जान्छ र सफलता बढ्दै जान्छ । हो वास्तवमा कुनै निर्णय गर्न केही सामना गर्नै पर्छ । हामी सम्पूर्ण कर्मचारीको दायित्व हो यस संस्थाको हितमा कार्य गर्ने । त्यसका लागि शुद्ध आचरण हुन जरुरी छ । हाम्रो आचरण परिर्वतन पनि सेवाबाट आनन्द लिन सिकेपछि नै हुन्छ । सेवामा रुचि भएमा अधिक आनन्द प्राप्त हुन्छ । मानिस जतिसुकै सम्पन्न भए पनि आचरण र स्वभावभन्दा ठूलो सम्पत्ति केही हुँदैन । कर्मचारीका आचरण, बानी, व्यवहारमा सुधार आए मात्र संस्थाको वास्तविक सुदृढीकरण हुन सक्छ । ●

# सेवा गर्ने अठोट

**विश्वनाथ ढुंगेल**
वरिष्ठ सहायक (कम्प्युटर)



*संस्थाबाट कम्पनी भयो*
*जमाऊँ प्रभुत्व*
*जनतामा सेवा दिनु*
*हाम्रो दायित्व ।*

*फलाउनु र फुलाउनुपर्छ*
*एउटै मन मिली*
*कम्पनीलाई आशामा राखी*
*पारौं झिलिमिली ।*

*आ-आफ्नो पदको काम गर्नुपर्छ*
*हेलाचाहिँ नगरौं*
*जागिर मात्र फकाउनलाई*
*त्यसै नबसौं ।*

*ग्राहकलाई दिनु नै पर्छ*
*हामीले सुविधा*
*सेवा लिने ग्राहकलाई*
*नपारौं द्विविधा ।*

*तपाईं-हामी सबैसँग*
*बुझेकै ज्ञान छ*
*खुशीसाथले काम गर्‍यौं भने*
*सधैँ नै मान छ ।*

*नराम्रो त्यागत त्यो रुखो बचन*
*गर्नलाई हुँदैन*
*यहाँ काम हुन्न माथि नै जानुस्*
*भन्नलाई हुँदैन ।*

*सेवा लिने ग्राहकलाई*
*बेइमानी नगर्नू*
*अमिल्दो शब्द नराम्रो जवाफ*
*कहिल्यै नदिनू ।*

*ग्राहक हाम्रो देवतासरी*
*रिस गर्नु हुँदैन*
*सेवामुखी कम्पनी हाम्रो*
*झुट बोल्नु हुँदैन ।*

*मिली र जुली काम गर्‍यौं भने*
*पछिचाहिँ परिन्न*
*जनताको सेवा सधैं गरे*
*भोकै मरिन्न ।*